कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ९० | वि.सं. २०८३ असार २८ आइतवार | नेपाल संवत: ११४५, आषाढ कृष्ण त्रयोदशी | Sunday 12 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णालीमा वर्षेनी बढ्दैछ मानव–वन्यजन्तुबिचको द्वन्द्व

वर्षेनी आहाराको खोजीमा वस्ती पस्ने जनावलरले अन्नवालीसँगै मानवीय क्षति पुऱ्याउने क्रम बढ्दै गएको छ। जनावर र मानवबिचको द्वन्द्व बढ्दै जादा एकातर्फ जंगल नजिकका बस्तीहरु असुरक्षित बन्दै गएका छन् भने वर्षेनी राहतका नाममा राज्यलाई व्ययभार थपिदै गएको छ। जंगली जनावरकै कारण खाद्यान्न संकट निम्तने जोखिम पनि उत्तिकै छ।




**ओम शाही**
**सुर्खेत, २७ असार ।**

कर्णाली प्रदेशमा मानव र वन्यजन्तुबिचको द्वन्द्व बढ्दै गएको पाइएको छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले उपलब्ध गराएको तथ्यांकमा चालु आर्थिक २०८२/०८३ मा मात्रै दुई सय ६९ वटा मानव-वन्यजन्तु द्वन्द्वका घटना घटेका छन्। मन्त्रालयका अनुसार वन्यजन्तुको आक्रमणबाट तीन जनाको मृत्यु भएको छ।

यस्तै, बँदेल, बाँदरलगायतका वन्यजन्तुले एक सय ३१ घरधुरीको अन्नबालीमा ठुलो क्षति पुऱ्याएका छन्। मन्त्रालयका वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण महाशाखाका वरिष्ठ वन अधिकृत शेरबहादुर परियारले वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति, पशुधनको नोक्सानी तथा अन्नबालीमा उल्लेखनीय क्षति पुगेको बताए। वर्षेनी आहाराको खोजीमा वस्ती पस्ने जनावलरले अन्नवालीसँगै मानवीय क्षति पुऱ्याउने क्रम बढ्दै गएको उनको भनाई छ।

जनावर र मानवबिचको द्वन्द्व बढ्दै जादा एकातर्फ जंगल नजिकका बस्तीहरु असुरक्षित बन्दै गएका छन् भने वर्षेनी राहतका नाममा राज्यलाई व्ययभार थपिदै गएको छ। जंगली जनावरकै कारण खाद्यान्न संकट निम्तने जोखिम पनि उत्तिकै छ। प्रदेश सरकारले वर्षेनी मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरण गर्न संघीय कार्यक्रम अन्तर्गत बजेट व्यवस्थापन गर्ने गरेको छ। तर, बजेट अभाव हुँदा वन्यजन्तुबाट क्षति पुगेका सबैलाई राहत उपब्ध गराउन नसकिएको सरकारी अधिकारीहरु नै स्वीकार्छन।

परियारका अनुसार वन्यजन्तु द्वन्द्वका दुई सय ६९ घटनाबाट प्रभावित परिवार तथा व्यक्तिलाई ४९ लाख ९५ हजार तीनय सय ५९ रुपैयाँ बराबरको आर्थिक राहत वितरण गरिएको छ। उनका अनुसार अन्नबालीमा क्षति पुगेका एक सय ३१ घरधुरीलाई ११ लाख ६१ हजार नौ सय ६० रुपैयाँ राहतस्वरुप वितरण गरिएको छ। जनावरको आक्रमणबाट मृत्यु भएका तीन जनाका परिवारलाई प्रतिपरिवार १० लाखका दरले कुल ३० लाख रुपैयाँ राहत प्रदान गरिएको परियारले बताए।

यस्तै, वन्यजन्तुको आक्रमणबाट घाइते तथा अङ्गभङ्ग भएका नौ जना पीडितको उपचार तथा राहतका लागि पाँच लाख ७८ हजार तीन सय ९९ रुपैयाँ उपलब्ध गराइएको छ। चितुवा, बाघ, भालु लगायतका हिंस्रक वन्यजन्तुले बाख्रा, भेडा, गाई, भैंसी तथा याकजस्ता घरपालुवा पशु मारेपछि २३ जना पीडितलाई दुई लाख ५५ हजार राहत प्रदान गरिएको मन्त्रालयको तथ्यांकले देखाउछ।

प्रदेश वन निर्देशनालयका अनुसार राहत वितरण भएका जिल्लामध्ये सल्यान र दैलेख मानव-वन्यजन्तु द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित जिल्लाका रूपमा देखिएका छन्।

“ तथ्यांक अनुसार कर्णालीमा वन्यजन्तुको अवैध शिकार, अवैध पालन, आखेटोपहार (ट्रफी) सङ्कलन तथा छाला, मासु, भालुको पित्त, नङ्ग्रा, कस्तुरीको बीना लगायतका बहुमूल्य अङ्गहरूको अवैध व्यापार र ओसारपसार हुने गरेको छ।

## एक वर्षमै दोब्बरले बढे वन्यजन्तु अपराधका मुद्दा

जैविक विविधताको दृष्टिले नेपालको महत्वपूर्ण क्षेत्र मानिने कर्णाली प्रदेशमा वन्यजन्तु अपराधका घटनामा उल्लेख्य वृद्धि भएको तथ्यांकले देखाउछ। प्रदेश वन निर्देशनालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/०८२ मा पाँच वटा मात्र दर्ता भएका वन्यजन्तु अपराधका मुद्दा चालु आर्थिक वर्ष २०८२/०८३ मा बढेर १० पुगेका छन्। यससँगै पछिल्ला दुई आर्थिक वर्षमा वन्यजन्तु अपराधका कुल मुद्दा १५ पुगेका छन्, जुन अघिल्लो वर्षको तुलनामा १०० प्रतिशतले वृद्धि भएको वन अधिकृत परियारले बताए। तथ्यांक अनुसार कर्णाली प्रदेश जैविक विविधताका हिसाबले अत्यन्त समृद्ध प्रदेश हो।

यहाँ ८९ प्रजातिका स्तनधारी वन्यजन्तु, चार सय १० प्रजातिका चराचुरुङ्गी, १४ प्रजातिका सरिसृप तथा २५ प्रजातिका उभयचर पाइन्छन्। साथै, रारा र फोक्सुन्डोलगायत दुई वटा रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्रसमेत छन्। तथ्यांक अनुसार कर्णालीमा वन्यजन्तुको अवैध शिकार, अवैध पालन, आखेटोपहार (ट्रफी) सङ्कलन तथा छाला, मासु, भालुको पित्त, नङ्ग्रा, कस्तुरीको बीना लगायतका बहुमूल्य अङ्गहरूको अवैध व्यापार र ओसारपसार हुने गरेको छ। वन्यजन्तु अपराधको मुख्य निशानामा

बाँकी ३ पेजमा

## नौ दिनपछि भेटियो कर्णालीमा खसेको फोर्स गाडीका चालकको शव

**युग संवाददाता**
**सुर्खेत, २७ असार ।**

कर्णाली नदीमा खसरे बेपत्ता भएको फोर्स गाडीका चालक तुलाराम सुवेदीको शव ९ दिनपछि फेला परेको छ।

१८ असारमा सुर्खेतबाट कालीकोट जाँदै गरेको फोर्स गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका- ७, साङ्गेटाडाबाट कर्णाली नदीमा खसेको थियो। शनिबार सुवेदीको शव अछामको तुर्माखाँद गाउँपालिका- २, जबुगडास्थित लामगडामा कर्णाली नदी किनारमा भेटिएको प्रहरीले जनाएको छ।

मृतकको पहिचान उनका बुबा डण्डपाणि सुवेदीले गरेका हुन्।



तुलारामको शव फेला परेसँगै उक्त दुर्घटनामा हालसम्म चार जनाको शव फेला परेको छ। प्रहरीका अनुसार गाडीका सह-चालक रामप्रसाद सुवेदी अझै बेपत्ता छन्।

गाडीमा पाँच जना सवार रहेको प्रहरीले जनाएको छ। दुर्घटनाग्रस्त गाडी तथा अन्य बेपत्ता व्यक्तिहरूको खोजी कार्य नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरूले कर्णाली नदी क्षेत्रमा निरन्तर जारी राखेका छन्।

## गर्मी छल्न पर्यटक रिग क्षेत्रमा



**युग संवाददाता**
**बागलुङ, २७ असार ।**

हिजोआज दैनिकजसो रिगताल परिसरमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ। बागलुङको तल्लो क्षेत्रमा निकै गर्मी छ। जसका कारण समुन्द्री सतहदेखि तीन हजार २०० मिटरको उचाइमा रहेको रिगताल क्षेत्रमा सितल छ। यहाँ पुस माघ महिनाको जस्तो चिसो सिरेटो चिलिनै रहन्छ। गर्मी छल्न आन्तरिक पर्यटक दिनहुँ यहाँ पुग्छन्।

उच्च पहाडी हावापानी, शान्त वातावरण र प्राकृतिक सुन्दरताको रसास्वादन गर्न आउने पर्यटकका कारण रिग क्षेत्रमा चहपहल बढेको हो। बर्खा याममा फूलेका भुइँफूल र अहिया पालुवाले यहाँ पुग्ने जोकोहीलाई आकर्षित गर्ने गरेको छ। बागलुङको निसीखोला गाउँपालिका-६ मा पर्ने रिग ताल एक दशक अगाडिसम्म ओझेलमा थियो। तर पछिल्लो समय प्रचार प्रसार हुँदा पर्यटक आकर्षणको केन्द्र बनेको हो।

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको नजिकै पर्ने रिग क्षेत्रमा प्रकृतिसँगै गोठाले जनजीवन, हजारौँ संख्याका वस्तुभाउ र वन्यजन्तुसँग रमाउन आउनेको संख्या बढी छ। बागलुङ, रोल्पा र पूर्वी रुकुम जिल्लाको सङ्गम स्थल पातीहाल्नेदेखि १५ मिनेटको पैदल यात्रामा पुग्न सकिने रिगतालसम्म सडक पनि पुगेको छ। जसले पर्यटकलाई सवारी साधानमै तालसम्म पुग्न सहज बनाएको छ।

पछिल्लो सात वर्षमा रिग ताल क्षेत्रमा आउने पर्यटकको सङ्ख्या ह्वातै बढेको निसीखोला गाउँपालिका-६ का पूर्णबहादुर घर्ती मगरले बताए। पहिले गोठालाले चरन क्षेत्रका रूपमा प्रयोग गर्दै आएको रिगतालमा अहिले दैनिक पर्यटक आउने गरेका छन्। असारको पहिलो सातादेखि नै दैनिक एक सयभन्दा बढी पर्यटक रिग क्षेत्रमा आउने गरेको घर्ती मगरले सुनाए। उनले भने- “सडकको विकासले गोठाला बस्ने ठाउँमा पर्यटक आउन थाले, पहिले त निसी, भल्कोट गाउँका गोठालाहरू भेडाबाख्रा, गाईभैंसी लिएर बर्खा भरि बस्ने ठाउँ हो, तर अहिले रिग डाँडाभरी मान्छेहरूको भिड लाग्छ, ठाउँ पनि राम्रो छ।”

अरु बेलाभन्दा बिदाको दिन ५०० बढी पर्यटक रिग तालमा आउने गरेका घर्तीले जानकारी दिए। पर्यटकले गोठमै आएर दूध, दही र घ्यूसमेत खरिद गर्दा आम्दानी राम्रो हुने गरेको बताउनुभयो। पर्यटकले प्लास्टिकका बोटल, बियरका सिसा र अन्य प्लास्टिकजन्य फोहोर जथाभावी गर्ने गरेको उनले गुनासो गरे। खासगरी बुटवल, दाङ, नेपालगञ्ज, चितवन, भैरहवा लगायतका ठाउँबाट पर्यटकहरू गर्मी छल्न यतिबेला रिगताल आउने गरेका छन्। नेपालगञ्जबाट घुम्न आउनुभएका रितेश ताम्राकारले तराईमा निकै गर्मी बढेको हुँदा एक साता सितल खोज्दै पहाड उक्लिएको बताए। पहाड आएको समयमा चौरीखर्क, ढोरपाटन, निसेलढो र रिगतलामा घुमेको उनले सुनाए।

“तराईमा निकै गर्मी बढेको छ, यहाँको जस्तो सितल हावा पाउन त निकै गाह्रो पर्छ, यहाँको हावापानी धेरै राम्रो रहेछ, एकैछिन बस्यो भने जाडोले काप्ने अवस्था आउँछ,” उनले भने- “गर्मी महिनाभरि यतै बसौँ जस्तो लाग्यो।”

भैरहवाका प्रवेश पौडेलले पहाड घर गुल्मी आएको बेला साथीहरूसँग रिगताल घुम्न आएको बताए। भैरहवामा अत्यधिक गर्मी बढेको सुनाउँदै उनले रिगताल आएपछि यहाँको प्रकृति र हावापानीसँग रमाउँदै आनन्द आएको बताए।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# कहिले सुध्रन्छ बजेट खर्चको ग्राफ ?

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्म कुल बजेटको ६१.९७ प्रतिशत मात्र खर्च गर्न सकेको छ। ११ महिनासम्म कुल बजेटको ३६.२६ प्रतिशत मात्रै खर्च भएको अवस्थामा असार महिनामा मात्रै २५.७५ प्रतिशत बजेट खर्च गरिएको छ। यो प्रवृत्ति नयाँ होइन। हरेक वर्ष नीति तथा कार्यक्रममा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रतिबद्धता दोहोरिए पनि व्यवहारमा असारे खर्चको पुरानै रोग दोहोरिँदै आएको छ। यसले बजेट कार्यान्वयनको कमजोरी मात्र होइन, विकासप्रतिको राज्य संयन्त्रको कार्यशैलीसमेत उजागर गर्छ। प्रदेश लेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार ३३ अर्ब १९ करोड रुपैयाँभन्दा बढीको कुल बजेटमध्ये २० अर्ब ५७ करोड रुपैयाँ मात्र खर्च भएको छ भने १२ अर्ब ६२ करोड रुपैयाँ बजेट खर्च हुन नसकी फ्रिज भएको छ। अझ विकास निर्माणसँग प्रत्यक्ष जोडिएको पूँजीगत खर्च केवल ५५.७४ प्रतिशतमा सीमित रहनु अत्यन्त निराशाजनक हो। चालु खर्च ७३.४८ प्रतिशत पुगे पनि त्यसले विकासको गति मापन गर्न सक्दैन।

प्रशासन सञ्चालनका लागि गरिने खर्चभन्दा नागरिकले प्रत्यक्ष अनुभूति गर्ने सडक, पुल, खानेपानी, कृषि, ऊर्जा र पूर्वाधार निर्माणमा हुने लगानी नै प्रदेशको समृद्धिको आधार हो। सबैभन्दा धेरै बजेट भएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले ४९.२० प्रतिशत मात्र खर्च गर्न सक्नुले प्रदेश सरकारको विकास व्यवस्थापन क्षमतामाथि प्रश्न उठाएको छ। यही मन्त्रालयले प्रदेशको सडक, भवन, पुल र अन्य पूर्वाधार निर्माणको जिम्मेवारी बोकेको छ। बजेट कार्यान्वयनमा यति कमजोर प्रदर्शन हुँदा विकास परियोजनाहरू समयमै सम्पन्न नहुने, लागत बढ्ने र नागरिकले सेवा पाउन ढिलाइ हुने अवस्था स्वाभाविक बन्छ। अर्कोतर्फ आन्तरिक मामिला तथा कानून मन्त्रालयजस्ता साना बजेट भएका निकायले ९० प्रतिशतभन्दा बढी खर्च गर्न सफल हुनु योजना व्यवस्थापन र कार्यान्वयनमा इच्छाशक्ति तथा तयारीको महत्त्वपूर्ण उदाहरण हो। बजेट फ्रिज हुनु केवल खर्च हुन नसकेको रकम मात्र होइन, त्यो अधुरा विकास आयोजना, रोकिएका सेवा र नागरिकका अपूरा अपेक्षाको प्रतीक पनि हो।

योजना छनोटमा परिपक्वता नहुनु, ठेक्का प्रक्रियामा ढिलाइ, कमजोर परियोजना तयारी, कर्मचारी अभाव, निर्णय प्रक्रियाको जटिलता र वर्षको अन्त्यसम्म काम थन्क्याएर राख्ने प्रशासनिक संस्कृतिले यो समस्या वर्षेनि दोहोर्याइरहेको छ। असारमा हतारहतार खर्च बढाउनु वित्तीय अनुशासनको संकेत होइन, बरु गुणस्तरमा सम्झौता हुने जोखिम बढाउने अभ्यास हो। अब प्रदेश सरकारले खर्च प्रतिशतलाई उपलब्धिको मापन मान्ने पुरानो सोच त्याग्नुपर्छ। बजेट विनियोजनसँगै कार्ययोजना, समयसीमा र नियमित अनुगमनलाई अनिवार्य बनाउँदै पहिलो त्रैमासिकदेखि नै योजना कार्यान्वयन सुरु गर्नुपर्छ। मन्त्रालय र कर्मचारीको कार्यसम्पादनलाई बजेट कार्यान्वयनसँग जोड्ने, कमजोर प्रदर्शन गर्ने निकायलाई जवाफदेही बनाउने तथा परिणाममुखी बजेट प्रणाली लागू गर्ने बेला आएको छ। किनकि नागरिकलाई खर्चको प्रतिशत होइन, बजेटले दिएको विकास, सेवा र परिवर्तन चाहिएको हो।

## विश्व

### इरानलाई ट्रम्पको कडा धम्की:

# 'मेरो हत्या प्रयास भएमा सारा देश ध्वस्त गरिदिन्छु'

**दुबई , २७ असार ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमा प्रहार गर्नका लागि १ हजारवटा मिसाइलहरु तयारी अवस्थामा राखिएको बताएका छन्। उनले आफ्नो हत्या गर्ने प्रयास भएमा इरानमाथि थप हजारौं मिसाइल प्रहार गर्ने चेतावनी दिएका छन्।

'१००० मिसाइलहरू लक र लोड गरेर इरानतर्फ लक्षित गरिएका छन्। यदि इरानी सरकारले विश्वका धेरै कुनाहरूमा दाबी गरे जस्तै मलाई!–हत्या गर्ने प्रयास गर्‍यो तुरुन्तै अरू हजारौं मिसाइलहरू प्रहार गरिनेछन्। आदेशहरू दिइसकिएको छ, र अमेरिकी सेना इरानका सबै क्षेत्रहरूलाई पूर्ण रूपमा ध्वस्त र नष्ट गर्न तयार, इच्छुक र सक्षम छ,' ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोशलमा लेखेका छन्।

इरानमा सर्वोच्च नेता अली खामेनीको अन्त्येष्टिका क्रममा सहभागीहरुले ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुलाई मार्नुपर्ने नारा लगाएका थिए। त्यस्तै, टर्कीको अंकारामा आयोजित नेटो शिखर सम्मेलनमा बुधबार पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले आफुमाथि इरानले हत्याको षड्यन्त्र रचेको दाबी गरेका थिए। 'म इरानको हत्या सूचीमा नम्बर १ मा छु। म उनीहरूको हरेक सूचीमा छु। मैले आज बिहान मात्र देखें, म उनीहरूको प्रत्येक सूचीमा परेको छु। र अहिलेसम्म, मलाई लाग्छ म अलिकति भाग्यमानी छु, तर सायद यो अवस्था धेरै लामो समयसम्म टिकिरहँदैन,' उनले भने।

अमेरिकी सञ्चारमाध्यमहरुमा पनि इरानले ट्रम्पको हत्याको षडयन्त्र बुनेको समाचारले प्राथमिकता पाएको छ। द वाल स्ट्रिट जर्नलमा बिहीबार प्रकाशित लेखअनुसार इजरायली गुप्तचरहरुले यस षड्यन्त्रबारे ट्रम्पलाई जानकारी गराएका थिए।

लेखमा यस मामिलाका जानकार व्यक्तिहरूलाई उद्धृत गर्दै भनिएको छ, 'इजरायली अधिकारीहरूले अमेरिकालाई राष्ट्रपतिविरुद्धको नयाँ खतराको बारेमा चेतावनी दिएका थिए। उनीहरूको नजरमा यो यस्तो खतरा हो जसले इरान र अमेरिकाको पहिलेदेखि नै रहेको तनावलाई थप बढाउनेछ।' सीएनएनले पनि दुईवटा स्रोतलाई उद्धृत गर्दै ट्रम्पलाई इजरायलले हत्याको जोखिमबारे जानकारी दिएको जनाएको छ। सीएनएनसँगकै कुराकानीमा एक अमेरिकी अधिकारीले भनेका छन्,' यो नयाँ इजरायली गुप्तचर सूचना ट्रम्पको सोचलाई प्रभावित गर्ने एउटा प्रयास पनि हुन सक्छ। किनकि, अहिले इरानविरुद्ध अमेरिकी सैन्य कारबाही बढाउने वा नबढाउने भन्नेबारे ट्रम्पले विचार गरिरहेका छन्।'

अन्तरिम सम्झौताकै विषयलाई लिएर केही समयअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र ट्रम्पबीचको तनावपूर्ण बनेको थियो। उनीहरूबीच भएको बिर्सनलायक फोन संवाद पनि भयो। त्यस संवादमा लेबनानमाथि अनावश्यक आक्रमण गरेको भन्दै ट्रम्पले नेतान्याहूलाई गाली गरे। उनले नेतान्याहूलाई 'पागल' समेत भनेका थिए।

१७ जुनमा युद्ध अन्त्य गर्ने अन्तरिम सम्झौतामा हस्ताक्षर गरेका इरान र अमेरिका पछिल्लो एक सातादेखि फेरि आक्रमण र प्रत्याक्रमणमा छन्। जसकारण, यस अन्तरिम सम्झौता संकटमा परेको छ ।

ट्रम्पले इरानसँगको युद्धविराम समाप्त

बाँकी ३ पेजमा

# जलाशययुक्त आयोजनाको विकास र नेपालको ऊर्जा सुरक्षा



माधवप्रसाद पौडेल

कुलेखानी जलविद्युत् आयोजनाको जलाशयमाथि बिहानको घाम पर्दा पानीको सतह सुनौलो देखिन्छ। बाहिरबाट हेर्दा यो एउटा सामान्य जलाशय जस्तो लाग्न सक्छ, तर नेपालको ऊर्जा इतिहासमा यसको भूमिका असाधारण छ। दशकौंसम्म यही जलाशयले राष्ट्रिय विद्युत् प्रणालीलाई सङ्कटका बेला सहारा दियो। ग्रिड ठप्प हुँदा 'ब्ल्याक स्टार्ट' को आधार बन्यो, विद्युत् प्रणालीको वास्तविक (सक्रिय) तथा प्रत्यावर्ती शक्ति व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो र राष्ट्रिय ऊर्जा प्रणालीलाई स्थिर राख्न मौन रूपमा योगदान दिइरह्यो।

भारतीय ग्रिडमा आबद्धता भइरहँदा आज एउटा गम्भीर प्रश्न हाम्रोसामु उभिएको छ- यदि भोलि कुनै प्राकृतिक विपत्ति, प्राविधिक दुर्घटना, साइबर आक्रमण वा क्षेत्रीय सङ्कटका कारण राष्ट्रिय विद्युत् प्रणाली पुनः आफ्नै स्रोतबाट सञ्चालन गर्नुपर्ने अवस्था आयो भने, के हामीसँग अर्को कुलेखानी छ ? के हाम्रो ऊर्जा प्रणालीसँग त्यस्तो रणनीतिक सुरक्षा संरचना पर्याप्त मात्रामा उपलब्ध छ ? यही प्रश्नले नेपालको ऊर्जा सुरक्षा बारे गम्भीर बहसको आवश्यकता उजागर गर्छ।

विगत तीन दशकमा नेपालले जलविद्युत् विकासमा उल्लेखनीय प्रगति गरेको छ। देशको जडित विद्युत् क्षमता ४ हजार ३०० मेगावाट हाराहारी पुगेको छ, हजारौं मेगावाटका आयोजना निर्माणाधीन छन्, विद्युत् निर्यात राष्ट्रिय गौरवको विषय बन्दै गएको छ र नेपाललाई 'क्षेत्रीय हरित ऊर्जा केन्द्र' का रूपमा प्रस्तुत गर्ने प्रयासहरू पनि भइरहेका छन्। यी उपलब्धिहरू निःसन्देह उत्साहजनक छन्।

तर उपलब्धिका यी चम्किला तथ्याङ्कभित्र एउटा मौन यथार्थ लुकेको छ। राष्ट्रिय ऊर्जा सुरक्षाको मेरुदण्ड मानिने जलाशययुक्त विद्युत् उत्पादन क्षमता अझै अत्यन्त सीमित छ। हामीले विद्युत् उत्पादनको परिमाण त बढायौं, तर उत्पादन संरचनाको गुणस्तर, लचकता र दीर्घकालीन ऊर्जा सुरक्षालाई समान रूपमा सुदृढ गर्न सकेका छैनौं।

आज नेपालले आफ्नो गन्तव्य स्पष्ट गर्नुपर्ने समय आएको छ। हाम्रो उद्देश्य केवल थप मेगावाट उत्पादन गर्नु हो कि ऊर्जा सुरक्षित, आत्मनिर्भर र सङ्कट प्रतिरोधी राष्ट्र निर्माण गर्नु हो ? यदि हाम्रो लक्ष्य केवल विद्युत् उत्पादन बढाउनु मात्र हो भने वर्तमान गतिले पनि त्यो सम्भव हुन सक्छ। तर यदि हाम्रो लक्ष्य दीर्घकालीन ऊर्जा सुरक्षा, आर्थिक स्वायत्तता र राष्ट्रिय रणनीतिक क्षमता निर्माण गर्नु हो भने, जलाशययुक्त जलविद्युत् आयोजनाको विकास अब विकल्प होइन, राष्ट्रिय आवश्यकता बनिसकेको छ।

**ऊर्जा सुरक्षाको बहुआयामिक महत्त्व**

ऊर्जा सुरक्षाको विषयलाई नेपालमा प्रायः विद्युत् उपलब्धतासँग मात्र जोडेर हेर्ने गरिन्छ। तर ऊर्जा सुरक्षा भनेको बत्ती बल्नु वा उद्योग सञ्चालन हुनु मात्र होइन। यो राष्ट्रिय सुरक्षा, आर्थिक स्थायित्व, औद्योगिकीकरण, खाद्य सुरक्षा, वैदेशिक मुद्रा सञ्चिति, जल व्यवस्थापन तथा भूराजनीतिक स्वायत्ततासँग प्रत्यक्ष सम्बन्धित विषय हो।

कुनै पनि राष्ट्रका लागि सेना जति महत्त्वपूर्ण हुन्छ, ऊर्जा पूर्वाधार पनि त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। युद्ध, प्राकृतिक विपत्ति, अन्तर्राष्ट्रिय सङ्कट वा आपूर्ति अवरोधका समयमा सेनाले सीमाको रक्षा गरे झैं जलाशययुक्त आयोजनाहरूले ऊर्जा प्रणालीलाई सुरक्षित राख्ने क्षमता राख्छन्। त्यसैले यस्ता आयोजना केवल विद्युत् उत्पादन गर्ने संरचना मात्र होइनन्, राष्ट्रिय रणनीतिक सम्पत्ति पनि हुन्।

विश्व राजनीतिमा पछिल्ला वर्षहरूमा देखिएका घटनाक्रमहरूले ऊर्जा र राष्ट्रिय सुरक्षा बीचको सम्बन्धलाई अझ स्पष्ट बनाएका छन्। ऊर्जा स्रोतहरू माथिको नियन्त्रण आज अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको महत्त्वपूर्ण आधार बनेको छ। ऊर्जा आत्मनिर्भर राष्ट्रहरू सङ्कटका समयमा तुलनात्मक रूपमा बढी सुरक्षित र सक्षम देखिएका छन्।

विश्वव्यापी ऊर्जा आपूर्ति शृङ्खलामा आउने अवरोध, इन्धन बजारमा हुने उतारचढाव तथा ऊर्जा स्रोतलाई राजनीतिक दबाबको साधनका रूपमा प्रयोग गरिएका घटनाहरूले ऊर्जा आत्मनिर्भरताको महत्त्व झन् बढाएको छ। नेपालले पनि यसबाट गम्भीर पाठ सिक्न आवश्यक छ।

नेपालको ऊर्जा उपभोग संरचना हेर्दा अझै पनि आयातित जीवाश्म इन्धनमाथिको निर्भरता उच्च रहेको देखिन्छ। कुल ऊर्जा खपतको करिब २२ प्रतिशत हिस्सा आयातित पेट्रोलियम पदार्थमा आधारित छ। यसले प्रत्येक वर्ष अबौं रुपैयाँ बराबरको विदेशी मुद्रा बाहिर पठाइरहेको छ।

ऊर्जा आयात बढेसँगै व्यापार घाटा बढ्ने मात्र होइन, राष्ट्रको आर्थिक स्वायत्तता पनि कमजोर बन्छ। विगतका नाकाबन्दी तथा आपूर्ति अवरोधका घटनाहरूले पेट्रोलियम पदार्थमा अत्यधिक निर्भरता राष्ट्रिय सुरक्षाकै जोखिम बन्न सक्ने तथ्य प्रमाणित गरिसकेका छन्।

त्यसैले एकातिर आयातित इन्धनको परिमाण कम गर्दै स्थानीयस्तरमा उत्पादित घरेलु विद्युत् को खपत बढाउँदै लैजानुपर्ने चुनौती हाम्रोसामु छ भने, अर्कोतिर जलाशययुक्त आयोजनाको निर्माण गरी ऊर्जा सुरक्षालाई संस्थागत गर्नुपर्नेछ।

**उत्पादन संरचनामा असन्तुलन र जलाशयको आवश्यकता**

नेपालले विद्युत् उत्पादनमा उल्लेखनीय प्रगति गरे पनि उत्पादन संरचनामा अझै गम्भीर असन्तुलन छ। हालको जडित क्षमता उल्लेखनीय छ। तर यसको अधिकांश हिस्सा 'नदी प्रवाहमा आधारित' आयोजनाहरूबाट आएको हो। यस्ता आयोजनाले वर्षायाममा उच्च उत्पादन गर्छन्, तर हिउँदमा उत्पादन उल्लेखनीय रूपमा घट्छ।

कतिपय अवस्थामा उत्पादन स्थापित क्षमताको एकतिहाइभन्दा तल झर्ने अवस्था आउँछ। परिणामस्वरूप वर्षायाममा विद्युत् बढी भएर निर्यातको अनिवार्यता देखिन्छ भने सुक्खायाममा आयात गर्नुपर्ने अवस्था कायम रहन्छ।

यसै कारण जलाशययुक्त आयोजनाको महत्त्व अझ बढ्छ। जलाशययुक्त आयोजनाले आवश्यकता अनुसार पानी सञ्चित गरेर विद्युत् उत्पादन गर्न सक्ने भएकाले मौसमको प्रभावलाई धेरै हदसम्म नियन्त्रण गर्न सक्छन्। ऊर्जा सञ्चिति, माग व्यवस्थापन, ग्रिड स्थिरता तथा आकस्मिक अवस्थाको व्यवस्थापनमा यस्ता आयोजनाको भूमिका अपरिहार्य हुन्छ।

कुलेखानी प्रथम, दोस्रो र तेस्रो गरी १०६ मेगावाटको आयोजना बाहेक निर्माणाधीन १४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना सम्पन्न भएपछि पनि नेपालको कुल जलाशययुक्त क्षमता २४६ मेगावाट मात्र हुनेछ, जुन कुल जडित क्षमताको झन्डै ६ प्रतिशत मात्र हो। ऊर्जा सुरक्षाको दृष्टिकोणबाट हेर्दा यो अत्यन्त न्यून अनुपात हो।

यता ६७० मेगावाटको दूधकोशी जलाशययुक्त आयोजना, १२०० मेगावाटको बूढीगण्डकी आयोजना, १० हजार ८०० मेगावाटको कर्णाली चिसापानी आयोजना तथा ६ हजार ४८० मेगावाटको पञ्चेश्वर बहुउद्देश्यीय आयोजना जस्ता रणनीतिक महत्त्वका परियोजना दशकौंदेखि छलफलमा छन्।

विशेषगरी बूढीगण्डकी आयोजना लगभग हरेक वर्षको बजेट, नीति तथा कार्यक्रममा प्राथमिकताका साथ उल्लेख हुन्छ, तर कार्यान्वयनको गति हेर्दा अझै पनि अपेक्षा अनुसार प्रगति हुनसकेको छैन। यसले नीति र कार्यान्वयन बीचको दूरीलाई स्पष्ट देखाउँछ।

**उत्पादन मिश्रणको नीति र पुनरावलोकन**

ऊर्जा सुरक्षाको अर्को महत्त्वपूर्ण पक्ष ' उत्पादन मिश्रण' हो। 'राष्ट्रिय ऊर्जा सङ्कट निवारण तथा विद्युत् विकास दशक, २०७२' ले जलाशययुक्त तथा पम्प स्टोरेज आयोजनाको हिस्सा ४०-५० प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको हिस्सा १५-२० प्रतिशत, नदी प्रवाहमा आधारित आयोजनाको हिस्सा २५-३० प्रतिशत तथा वैकल्पिक ऊर्जाको हिस्सा ५-१० प्रतिशत रहने लक्ष्य निर्धारण गरेको थियो।

यो नेपालको सम्भवतः पहिलो स्पष्ट उत्पादन मिश्रण नीति थियो। तर पछि गरिएका संशोधन मार्फत १५ हजार मेगावाटको जम्मा परिमाणलाई आधार मानी नदी प्रवाहमा आधारित आयोजनाको हिस्सा ४०-४५ प्रतिशत, जलाशययुक्त आयोजनाको हिस्सा २०-२५ प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको हिस्सा २५-३० प्रतिशत र अन्य वैकल्पिक ऊर्जाको हिस्सा ५-१० प्रतिशत कायम गरियो।

त्यसैको आधारमा हालसम्म करिब १२ हजार मेगावाट क्षमताका विभिन्न आयोजनासँग नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद सम्झौता (पीपीए) सम्पन्न गरिसकेको छ। अल्पकालीन रूपमा यो निर्णय सहज देखिए पनि दीर्घकालीन ऊर्जा सुरक्षाको दृष्टिकोणबाट यसको पुनरावलोकन आवश्यक देखिन्छ।

नेपालको ऊर्जा विकासको वर्तमान संरचनाले सुक्खायाममा विद्युत् आयातको आवश्यकता अझै केही वर्ष कायम रहने सङ्केत गर्छ। जडित क्षमता पर्याप्त हुँदाहुँदै पनि माग र आपूर्ति बीच सन्तुलन कायम गर्न कठिनाइ हुनु यही संरचनागत कमजोरीको परिणाम हो।

यदि उत्पादन मिश्रणमा जलाशययुक्त आयोजनाको हिस्सा पर्याप्त हुन्थ्यो भने हिउँदमा आफ्नै स्रोत परिचालन गरिन्थ्यो वा आयातको आवश्यकता उल्लेखनीय रूपमा घटाउन सकिन्थ्यो।

**वित्तीय र नीतिगत चुनौती**

यद्यपि जलाशययुक्त आयोजनाको विकास सजिलो छैन। ठूलो जलाशय निर्माणका लागि व्यापक जग्गा अधिग्रहण, पुनर्स्थापना तथा पुनर्वास, वातावरणीय प्रभाव मूल्याङ्कन, सामाजिक स्वीकृति, उच्च प्रारम्भिक लगानी तथा लामो निर्माण अवधि आवश्यक पर्छ। यस्ता कारणले निजी क्षेत्र एक्लैले यस्ता आयोजना विकास गर्न कठिन हुन्छ।

त्यसैले यस्ता परियोजनालाई केवल व्यावसायिक नाफाको आधारमा मूल्याङ्कन गर्नु पर्याप्त हुँदैन। राज्यले यिनलाई रणनीतिक पूर्वाधारका रूपमा स्वीकार गर्दै विशेष नीतिगत र वित्तीय सहयोग प्रदान गर्नुपर्छ।

यस सन्दर्भमा विद्युत् नियमन आयोगले हालै जलाशययुक्त आयोजनाका लागि निर्धारण गरेको पीपीए दर- सुक्खायाममा प्रतियुनिट रु.१४.८० तथा वर्षायाममा रु.८.४५ सकारात्मक कदम हो। तर केवल पीपीए दर बढाएर मात्र यस्ता आयोजना आकर्षक बन्न सक्दैनन्।

दीर्घकालीन वित्तीय स्रोत, जोखिम साझेदारी संयन्त्र, कर तथा भन्सार सहुलियत, पुनर्स्थापना लागत व्यवस्थापन, परियोजना तयारी कोष तथा बहुपक्षीय विकास साझेदारको सक्रिय सहभागिता आवश्यक छ।

अर्कोतर्फ विद्युत्को मूल्य निर्धारण र उपभोक्ताको वहन क्षमता पनि महत्त्वपूर्ण विषय हो। दक्षिण एशियाली क्षेत्रभित्र हेर्दा भुटानको विद्युत् महसुल सबैभन्दा सस्तो छ,

बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**

| | |
|---|---|
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |

**विमान स्थल**

| | |
|---|---|
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |

**दमकल**

| | |
|---|---|
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |

**अस्पताल**

| | |
|---|---|
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ। बोली–व्यवहारमा अलि सजग रहनुपर्ला। हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकोछ।

**वृष** — नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। पहिलेको सफलताले थप हौसला जगाउनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ।

**मिथुन** — काममा अनायासै व्यवधान देखा पर्न सक्छ। झैपरी आउने खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला।

**कर्कट** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम गर्दै मनग्य धन आर्जन गर्न सकिनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ।

**सिंह** — राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ।

**कन्या** — परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला। आंशिक फाइदा भए पनि चिताएको काम पूरा गर्न समय लाग्नेछ।

**तुला** — परिबन्धले समस्या निम्त्याउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला। मिहिनेतको नतिजा चित्तबुझ्दो नआए पनि चुनौतीभित्र अवसर खोज्ने समय छ।

**वृश्चिक** — मिहिनेत गर्दा छोटो समयमा फाइदा उठाउन सकिनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ।

**धनु** — प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ।

**मकर** — परिस्थितिवश चिताएको काम रोकिन सक्छ। कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ। अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ।

**कुम्भ** — निर्णय लिएर पनि परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ। मनोरञ्जनका लागि समय र धन खर्च हुन सक्छ।

**मीन** — नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ। दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ।

सुदूरपश्चिममा एमालेको 'डबल गेम' :

## मन्त्रीको कुर्सी पनि नछाड्ने, आफ्नै बजेट पनि नमान्ने

**युग संवाददाता**
**कैलाली, २७ असार ।**

सुदूरपश्चिम प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट विवादले नयाँ मोड लिएको छ। शुक्रबार सत्ता साझेदार नेकपा एमालेका तीन सांसदले सरकारका तीन मन्त्रालयको बजेट 'एक रुपैयाँमा सीमित गरियोस्' भन्ने खर्च कटौति प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता गराए।

एमालेकी उपनेता सन्तोष शर्मा थापा, प्रमुख सचेतक चक्र मल्ल र सांसद दमन भण्डारीले बजेटविरुद्ध खर्च कटौति प्रस्ताव दर्ता गरेका थिए। शर्माले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, मल्लले भौतिक पूर्वाधार विकास मन्त्रालय तथा भण्डारीले आन्तरिक मामिला तथा कानुन मन्त्रालयको खर्च कटौति प्रस्ताव दर्ता गरेका हुन्। प्रस्तावको रोचक पक्ष के छ भने मल्ल र भण्डारीले खर्च कटौति प्रस्ताव दर्ता गराएका दुवै मन्त्रालयमा एमालेकै मन्त्री छन्।

यसअघि एमाले संसदीय दलले खर्च कटौति प्रस्ताव दर्ता गर्ने निर्णय गरेको थियो। छ जना सांसदले छ मन्त्रालयविरुद्ध प्रस्ताव दर्ता गर्ने निर्णय गरिएको थियो। निर्णयअनुसार दलका नेता राजेन्द्रसिंह रावलले आर्थिक मामिला मन्त्रालय, धर्मराज पाठकले सामाजिक विकास मन्त्रालय र जानकी ऐर बमले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको खर्च कटौति प्रस्ताव दर्ता गर्ने तयारी रहेको बताइएको छ। आफ्नै पार्टीको सरसरकारले ल्याएको बजेटविरुद्ध प्रस्ताव दर्ता भएपछि बजेटको भविष्यबारे चासो बढेको छ।

एमाले सांसदको प्रस्ताव दर्तापछि अब सत्ता साझेदारबीच चार विकल्पमा छलफल भइरहेको बताइएको छ। 'खर्च कटौतिको प्रस्ताव प्रदेश सरकारले फेस गर्ने एउटा विकल्प छ, 'कांग्रेस सुदूरपश्चिमका एक सांसदले भने, 'नभए एमाले सांसदहरूलाई सहमतिमा ल्याएर प्रस्ताव नै फिर्ता गराउन सकिने सम्भावना पनि छ। यी दुबैमा सहमति जुटन् नसके सरकारबाट फिर्ता हुने सुविधा एमालेसंग पनि छ।'

ती सांसदका अनुसार बजेट नै पुनर्लेखनको विकल्प पनि छ। तर, मुख्यमन्त्री कमलबहादुर शाह भने त्यसमा सहमत नभएको ती सांसदले बताए। मुख्यमन्त्री शाहले खर्च कटौतिको प्रस्ताव दर्ता भएपछि पनि अहिलेकै बजेट पारित हुने दाबी गर्दै आएका छन्।

प्रदेशसभामा खर्च कटौतिको प्रस्ताव दर्ता गराएका एमालेका सांसदले छलफलमा भने सरकारले बजेट फिर्ता लिएर पुनर्लेखन गर्नुपर्ने अडान लिँदै आएका छन्। १ असारमा सुदूरपश्चिम सरकारले प्रदेशसभामा पेस गरेको बजेट विवादित बनेपछि कांग्रेस र एमालेले सहमति जुटाउन केन्द्रबाटै नेताहरू पनि खटाएका थिए।

कांग्रेस महामन्त्री प्रदीप पौडेल र एमाले लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेलले धनगढीमा आ-आफ्ना दलका सांसद र मन्त्रीरूसँग छलफल गरेका थिए। तर, केन्द्रबाट खटिएका नेताहरूले पनि बजेट विवाद समाधान गर्न सकेनन्।

प्रदेशका आर्थिक मामिलामन्त्री विक्रमसिंह धामीले १ असारमा ३७ अर्ब ७० करोड रुपैयाँको बजेट सार्वजनिक गरेका थिए। प्रदेश सरकारको बजेट मन्त्रीका क्षेत्रमा मात्रै खन्याइएको आरोप लाग्दै आएको छ।

## उपचार सेवा विस्तारसँगै सुदूरपश्चिममा कालाजारका बिरामी घट्दै

**युग संवाददाता**
**कञ्चनपुर, २७ असार ।**

सुदूरपश्चिम प्रदेशमा कालाजार (लिस्मानियासिस) का बिरामीको सङ्ख्या पछिल्ला केही वर्षयता निरन्तर घट्दै गएको छ। अस्पतालमा उपचार सेवा विस्तार, दक्ष स्वास्थ्यकर्मीको उपलब्धता, निःशुल्क औषधि तथा परीक्षण, सङ्क्रमितको सक्रिय खोजपड्ताल र रोग सार्ने भुसुनाको निगरानी प्रभावकारी बन्दै जाँदा सङ्क्रमण घट्दै गएको हो।



सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालय, दीपायलका कीट नियन्त्रण निरीक्षक हेमराज जोशीका अनुसार विगतमा कालाजारको उपचार धनगढीमा मात्रै उपलब्ध थियो। पछि त्यो सेवा महेन्द्रनगरसम्म विस्तार भयो। अहिले अधिकांश प्रादेशिक तथा जिल्ला अस्पतालमा परीक्षण र उपचारको सुविधा पुगेको छ। स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि, आवश्यक औषधि, परीक्षण कीट तथा दक्ष जनशक्तिको व्यवस्थापनका साथै सङ्क्रमित भेटिएका गाउँमा सक्रिय खोज अभियान सञ्चालन गरिएकाले कालाजारका बिरामीको सङ्ख्या घट्दै गएको उहाँले बताए।

रोग सार्ने 'फ्लेबोटोमस अर्जेन्टाइपिस' नामक भुसुनाको नियमित अध्ययन र नियन्त्रणका कार्यक्रमसमेत प्रभावकारी रूपमा सञ्चालन हुँदै आएका कीट नियन्त्रण निरीक्षक जोशीले बताए। उनका अनुसार सुदूरपश्चिममा सन् २०२३ मा ६३, सन् २०२४ मा ४६, सन् २०२५ मा २६र सन् २०२६ को जुलाई ९ तारिखसम्म १३ जना कालाजारका बिरामी फेला परेका छन्।

राष्ट्रियस्तरमा भने सन् २०२३ मा २४९, सन् २०२४ मा ३१८, सन् २०२५ मा २४९ र सन् २०२६ को जुलाई ९ तारिखसम्म ११५ जना सङ्क्रमित पुष्टि भएका कीट नियन्त्रण निरीक्षक जोशीले जानकारी दिए। "कालाजार 'लिस्मानिया' नामक परजीवीका कारण हुने किटजन्य सरुवा रोग हो। सङ्क्रमित भुसुनाले टोकेपछि परजीवी मानिसको शरीरमा प्रवेश गरी विभिन्न अङ्गमा असर पुर्‍याउँछ, यसको सबैभन्दा गम्भीर प्रकार भिसेरल लिस्मानियासिस (कालाज्वर) हो। जसले कलेजो, फियोलगायत शरीरका प्रमुख भित्री अङ्गमा असर पुर्‍याउँछ, समयमै उपचार नभए बिरामीको मृत्यु समेत हुन सक्छ", उनले भने।

उनका अनुसार कटेनियस लिस्मानियासिस (छालाको कालाज्वर) ले छालामा घाउ र दाग बनाउँछ भने ' म्युकोकुटेनियस लिस्मानियासिस'ले नाक, मुख र घाँटीभित्रको म्युकस झिल्लीमा असर पुर्‍याइ अङ्गको बनावटसमेत बिगार्न सक्छ। 'पोस्ट कालाजार डर्मल लिस्मानियासिस' भने कालाजार निको भएपछि छालामा देखिने दाग वा बिमिरा भन्दै कीट नियन्त्रण निरीक्षक जोशीले यसले सङ्क्रमण फैलाउन भूमिका खेल्ने भएको आवश्यक सचेतना अपनाउनुपर्नेमा जोड दिए।

कालाजारको सङ्क्रमण भएमा लामो समयसम्म लगातार ज्वरो आउने, तौल घट्दै जाने, शरीर कमजोर हुने, रगतको कमी देखिने, कलेजो र प्लीहा ठूलो हुने, छालामा घाउ वा दाग देखिने तथा नाक वा मुखभित्र घाउ हुनेजस्ता लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा परीक्षण गराउनु पर्दछ। समयमै उपचार गरे कालाजार पूर्ण रूपमा निको हुने बताउँदै उनले बेवास्ता गर्दा यसले ज्यानसमेत जानसक्ने भएकाले लक्षण देखिएमा तत्काल उपचार गराउन उनले सबैलाई आग्रह गरे।

स्वास्थ्य निर्देशनालयका अनुसार कालाजारबाट बच्न भुसुनाको टोकाइबाट जोगिनु सबैभन्दा प्रभावकारी उपाय हो। झुल प्रयोग गर्ने, शरीर ढाक्ने लुगा लगाउने, घर वरिपरिका झाडी सफा गर्ने, भित्ताका चिरा पुरेर भुसुना बस्ने स्थान नष्ट गर्ने तथा आवश्यक परे कीटनाशक औषधि छर्कने उपाय अपनाउनुपर्ने कीट नियन्त्रण निरीक्षक जोशीले सुझाव दिए।

उनका अनुसार अहिले वर्षायामको सुरुआत भएकाले बिरामीको सङ्ख्या कम देखिए पनि वर्षा र त्यसपछिको मौसममा सङ्क्रमण बढ्ने सम्भावना रहन्छ। विशेषगरी जनवरीदेखि अक्टोबरसम्म कालाजारका बिरामी बढी देखिने गरेका छन्।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को सहयोगमा गरिएको अध्ययनले सुदूरपश्चिमका नौ जिल्लाका ८८ स्थानीय तहमध्ये करिब आधा क्षेत्रमा कालाजार सार्ने भुसुना फेला परेको देखाएका कीट नियन्त्रण निरीक्षक जोशीले जानकारी दिए।

सन् २०२५ मा प्रदेशमा सबैभन्दा बढी कैलालीमा ११ जना र त्यसपछि कञ्चनपुरमा कालाजारका बिरामी भेटिएका थिए। हाल जिल्ला अस्पतालमा कालाजारको परीक्षण, औषधि र उपचार निःशुल्क उपलब्ध छ। आवश्यक औषधि र परीक्षण किट डब्लुएचओको सहयोगमा उपलब्ध गराइँदै आएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

नेपाल सरकारले सन् २०२६ भित्र 'भिसेरल लिस्मानियासिस'लाई सार्वजनिक स्वास्थ्य समस्याका रूपमा उन्मूलन गर्ने लक्ष्य लिएर निगरानी, उपचार र जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउँदै आएको छ।

## एक...

बँदेल, घोरल, चितुवा, जरायो, कस्तुरी, भालु, झारल तथा रतुवा जस्ता वन्यजन्तु पर्ने गरेका छन्। भौगोलिक अवस्थाका आधारमा सुर्खेत, डोल्पा र हुम्लालाई वन्यजन्तु अपराधका दृष्टिले सबैभन्दा संवेदनशील क्षेत्रका रूपमा वर्गीकरण गरिएको छ। सुर्खेतमा विशेषगरी जरायो र बँदेलको अवैध शिकार हुने गरेको छ भने डोल्पा र हुम्लामा हिउँ चितुवा सम्बन्धी अपराध बढी देखिएको मन्त्रालयले जनाएको छ। हुम्लामा हिउँचितुवासँगै जङ्गली घोडा र कस्तुरीसमेत उच्च जोखिममा छन्।

तथ्यांक अनुसार वन्यजन्तु सम्बन्धिका अपराधमा पुरुषहरु बढी संलग्न देखिन्छन। वन्यजन्तु अपराधमा संलग्न रहेको आरोपमा हालसम्म २८ जना पक्राउ वा आरोपित भएका छन्। तीमध्ये २१ जना पुरुष (७५ प्रतिशत), ६ जना महिला (२१ प्रतिशत) र एक जना नाबालक (४ प्रतिशत) छन्। दर्ता भएका १५ मुद्दामध्ये तीन वटा अनुसन्धानको चरणमा छन् भने ११ वटा अदालतमा दायर भइसकेका छन्। हुम्लामा कस्तुरीको बीना खरिद-बिक्रीसँग सम्बन्धित एउटा मुद्दाको भने फैसला भइसकेको मन्त्रालयले जनाएको छ। वन्यजन्तु संरक्षण तथा अपराध नियन्त्रणका प्रयास भइरहे पनि आवश्यक पूर्वाधार र स्रोतसाधनको अभाव मुख्य चुनौतीका रूपमा रहेको वन अधिकृत परियार बताए।

वन तथा वन्यजन्तु संरक्षणका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत एक प्रदेश वन निर्देशनालय, ११ वटा डिभिजन वन कार्यालय तथा ५८ वटा सब-डिभिजन वन कार्यालयमार्फत संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालन भइरहेको मन्त्रालयले जनाएको छ। सब-डिभिजन वन कार्यालयका लागि पर्याप्त भवन नहुनु, नियमित वन गस्तीका लागि सवारीसाधनको कमी, वन्यजन्तु संरक्षण तथा अपराध नियन्त्रण कार्यक्रमका लागि पर्याप्त बजेट अभावले वन्यजन्तुको संरक्षणको पाटो चुनौतीपूर्ण छ। यस्तै, आधुनिक प्राविधिक उपकरणको कमी तथा समस्याग्रस्त वा घाइते वन्यजन्तुको उद्धारका लागि तालिमप्राप्त जनशक्तिको अभावले संरक्षण कार्यलाई प्रभावकारी बनाउन कठिनाइ भइरहेको जनाइएको छ। प्रदेश वन निर्देशनालयले वन्यजन्तु अपराध नियन्त्रणका लागि कानुन कार्यान्वयनसँगै स्थानीय समुदायको सहभागिता, जनचेतना अभिवृद्धि, प्रविधिको प्रयोग र अन्तरनिकाय समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याएको छ।

## मेरो...

भइसकेको दाबी गरेका छन्। यद्यपी, इरानले वार्ताको इच्छा देखाएकाले नयाँ चरणमा छलफल हुने पनि उनले बताएका छन्।

अमेरिकी वरिष्ठ अधिकारीहरूले इरानसँग हर्मुज जलमार्ग खुला गर्नुपर्ने र यस जलमार्ग हुँदै अघि बढ्ने जहाजहरुमाथि आक्रमण नगर्ने सार्वजनिक प्रतिबद्धता जनाउन माग गरेका छन्। इरानले हर्मुज हुँदै जाने जहाजहरुसँग शुल्क उठाउन पाउनुपर्ने र ती जहाजको प्रशासनित व्यवस्थापन रिभोलुशनरी गार्डस् कोर्प्सले गर्ने पुरानै अडान दोर्‍याउँदै आएको छ। युद्धपूर्व हर्मुज हुँदै विश्वको २० प्रतिशतभन्दा बढी कच्चा तेल र प्राकृतिक ग्याँस पश्चिम एसियाबाट बाहिरिने गरेको थियो। युद्ध सुरू भएलगत्तै यस क्षेत्रमा इरानले गरेको अवरोधले विश्वव्यापी इन्धन संकट निम्तिएको छ।

## लोपोन्मुख मल्लागिरीको खेतीमार्फत संरक्षणको प्रयास

**युग संवाददाता**
**दाङ, २७ असार ।**

लोपोन्मुख अवस्थामा रहेको सुगन्धकोकिला (मल्लागिरी) संरक्षणलाई आयआर्जनसँग जोड्दै दाङको तुलसीपुर उपमहानगरपालिका-१९ छिल्लीकोटका बासिन्दाले घरघरमा यसको खेती विस्तार गरेका छन्। संरक्षणका लागि गरिएको पहल अहिले स्थानीयको आम्दानीको महत्वपूर्ण स्रोतसमेत बनेको छ।

स्थानीय प्रविर पुनका अनुसार छिल्लीकोटका प्रत्येक घरमा १०० भन्दा बढी मल्लागिरीका बिरुवा रोपिएका छन्। विश्वमै लोपोन्मुख मानिने यो प्रजातिको बिरुवाको माग बढ्दै गएपछि यहाँ उत्पादन गरिएका बिरुवा नेपालका २६ जिल्लासम्म पुगेका छन्।

"विश्वमै लोपोन्मुख रहेको यो बिरुवा छिल्लीकोटमा पाइन्छ भन्ने थाहा पाएपछि धेरै जना यहाँ आएर बीउ लैजानुहुन्छ," उनले भने, "अहिलेसम्म २६ जिल्लामा यसको बिरुवा पुगेको छ।" स्थानीयका अनुसार यहाँ उत्पादन हुने सुगन्धकोकिला विदेशसमेत निर्यात हुने गरेको छ। स्थानीय जीवराज रेउलेले यहाँबाट कच्चापदार्थका रूपमा बिक्री हुने सुगन्धकोकिलाको बोक्रा उच्चस्तरीय सेन्ट र अगरबत्ती बनाउन प्रयोग हुने जानकारी आफूहरूले सुनेको बताए। "हामीले कच्चापदार्थ बेच्ने हो, त्यसबाट अरू के-कस्ता वस्तु उत्पादन हुन्छन् भन्नेबारे भने धेरै जानकारी छैन", उनले भने।स्थानीयका अनुसार एउटा रुखबाट २०० किलोग्रामसम्म सुगन्धकोकिला उत्पादन हुन्छ। पछिल्ला वर्षमा पुराना रुख सुक्दै जान थालेपछि संरक्षणमा सरकारी पहल आवश्यक रहेको उनीहरूको भनाई छ। "हामीले संरक्षणका लागि नयाँ बिरुवा रोपिरहेका छौँ," रेउलेले भने, "सरकारले पनि संरक्षण र प्रवर्द्धनमा सहयोग गरे स्थानीयको आम्दानी बढ्नुका साथै यो लोपोन्मुख प्रजाति जोगाउन सहज हुने थियो।"

स्थानीय पूर्ण पुनका अनुसार सुगन्धकोकिला धार्मिक कार्यमा प्रयोग गरिनुका साथै यसको पातबाट तेल निकाल्न सकिन्छ। उहाँले यसको संरक्षण पर्यावरणीय दृष्टिले पनि महत्वपूर्ण रहेको बताए। सुगन्धकोकिला समुद्री सतहदेखि ८०० देखि दुई हजार मिटर उचाइसम्म हिमाली हावा बहने जङ्गलमा राम्रोसँग हुर्कने गर्छ। बिरुवा रोपेको चार वर्षपछि नै उत्पादन दिन सुरु गर्ने भएकाले यसको व्यवस्थित खेती गर्न सके राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान पुग्ने स्थानीयको विश्वास छ।

हाल स्थानीयवासी जङ्गलमा रहेका नयाँ बिरुवा संरक्षणमा सक्रिय छन्। सुगन्धकोकिलाको बोक्रा सेन्ट र अगरबत्ती बनाउन तथा गेडाबाट तेल उत्पादन गर्न प्रयोग हुने गरेको छ। यद्यपि, कहिलेकाहीँ उत्पादित सुगन्धकोकिलाले बजार नपाउने समस्या रहेको भन्दै चिस्यान केन्द्र स्थापना गरिदिन स्थानीयले माग गरेका छन्। उनीहरूका अनुसार छिल्लीकोटमा हरेक वर्ष डेढ सय क्विन्टलभन्दा बढी सुगन्धकोकिला उत्पादन भएर बिक्री हुने गरेको छ।

## जलाशययुक्त...

त्यसपछि भारत र नेपाल आउँछन्। यस्तै अवस्थामा आ.व. २०८३/८४ को बजेट मार्फत विद्युत् महसुलमा ५ प्रतिशत भ्याट थप गर्ने प्रस्तावले उपभोक्तामाथि थप भार पार्ने सम्भावना छ। लागतमा निश्चित प्रतिफल जोडिने वर्तमान महसुल प्रणालीमा जति महँगो प्रविधि थपिन्छ, त्यति नै विद्युत् महसुल बढ्दै जान्छ। अन्ततः त्यसको भार उपभोक्ताले नै वहन गर्नुपर्छ।

उता 'ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना, २०८१' ले सन् २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत १५०० युनिट पुर्‍याउने महत्त्वाकांक्षी लक्ष्य निर्धारण गरेको छ। यो लक्ष्य हासिल गर्न एकातिर व्यापक संरचनागत लगानी आवश्यक छ भने, अर्कोतिर विद्युत् सस्तो र भरपर्दो बनाउनुपर्ने चुनौती पनि उत्तिकै ठूलो छ।

वित्तीय स्रोत परिचालन अर्को प्रमुख चुनौती हो। नेपालका बैंक तथा वित्तीय संस्थाहरूको पूँजीगत क्षमता सीमित छ। अर्बौं डलर लागतका जलाशययुक्त आयोजनाका लागि आवश्यक दीर्घकालीन लगानी जुटाउन अझै कठिनाइ छ। प्राविधिक क्षमताको दृष्टिले पनि यस्ता विशाल परियोजनाको डिजाइन, निर्माण, सुपरीवेक्षण तथा सञ्चालनमा अन्तर्राष्ट्रिय अनुभव आवश्यक पर्छ।

यससँगै अन्तरसरकारी समन्वयको अभाव, निर्णय प्रक्रियामा ढिलाइ, बारम्बार कर्मचारी सरुवा, सार्वजनिक खरिद व्यवस्थापनका कमजोरी, न्यूनतम मूल्यमा ठेक्का लिएर काम नगर्ने प्रवृत्ति तथा न्यायिक प्रक्रियामा हुने ढिलाइले आयोजना कार्यान्वयनमा थप अवरोध सिर्जना गरेका छन्।

### समाधानका वैकल्पिक मोडल

तर जलाशययुक्त आयोजनाको महत्त्व केवल विद्युत् उत्पादनमा मात्र सीमित छैन। यस्ता आयोजनाले ऊर्जा सञ्चिति, ग्रिड स्थिरता, उच्च माग व्यवस्थापन, बाढी नियन्त्रण, सिंचाइ, खानेपानी आपूर्ति, पर्यटन विकास तथा औद्योगिक विस्तारमा बहुआयामिक योगदान पुर्‍याउँछन्। त्यसैले यस्ता आयोजनाको आर्थिक मूल्याङ्कन केवल विद्युत् बिक्रीबाट प्राप्त आम्दानीका आधारमा मात्र गर्नु उचित हुँदैन। तिनले सिर्जना गर्ने सामाजिक, आर्थिक तथा वातावरणीय लाभलाई समेत समग्र रूपमा मूल्याङ्कन गर्न आवश्यक छ।

विश्वभर यस्ता विशाल पूर्वाधार आयोजनाका लागि विभिन्न वित्तीय मोडल प्रयोग भइरहेका छन्। ईपीसीएफ (इन्जिनियरिङ, प्रोक्युरमेन्ट, कन्ट्रक्सन एण्ड फाइनान्सिङ), पछि गरिने भुक्तानी, सहुलियतपूर्ण वित्तपोषण, मिश्रित वार्षिकी मोडल, सामूहिक वित्तपोषण, क्वासी इक्विटी तथा मेजानाइन फाइनान्सिङ जस्ता मोडलहरू विभिन्न देशले आफ्नो आवश्यकता अनुसार अवलम्बन गरेका छन्। यस सन्दर्भमा नाइजेरियाले अपनाएको ' लम्बीय विभाजन मोडल' नेपालका लागि अध्ययनयोग्य उदाहरण हुन सक्छ। यस मोडलमा आयोजना दुई भागमा विभाजन गरिन्छ– बाँध तथा जलाशय संरचना र विद्युत् उत्पादन संरचना।

'ड्याम्प कम्पोनेन्ट' अर्थात् बाँध तथा जलाशय निर्माणको जिम्मेवारी सार्वजनिक क्षेत्रले वहन गर्छ। सरकारी बजेट, सहुलियतपूर्ण ऋण, विकास साझेदारको सहयोग तथा दीर्घकालीन वित्तीय स्रोत मार्फत यसको लागत व्यवस्थापन गरिन्छ। यसको कारण स्पष्ट छ- जलाशयबाट प्राप्त लाभ केवल विद्युत् उत्पादनमा सीमित हुँदैन। यसले बाढी नियन्त्रण, सिंचाइ, खानेपानी, पर्यटन, जल व्यवस्थापन तथा वातावरणीय संरक्षणमा समेत योगदान पुर्‍याउँछ।

अर्कोतर्फ 'जेनेरेसन कम्पोनेन्ट' अर्थात् विद्युत् उत्पादन संरचना निजी क्षेत्र वा सार्वजनिक-निजी साझेदारी मार्फत विकास गरिन्छ। विद्युत् बिक्रीबाट प्राप्त आम्दानी मार्फत लगानीकर्ताको प्रतिफल सुनिश्चित गरिन्छ। उत्पादन कम्पनीहरूले जलाशय पूर्वाधारसँग 'ब्याक-टु-ब्याक एग्रिमेन्ट' गरी पानी उपयोग गरेबापत शुल्क तिर्छन्। यसले जलाशयको लागत विभिन्न लाभग्राही क्षेत्र बीच न्यायोचित रूपमा बाँडफाँट गर्न सहयोग पुर्‍याउँछ।

यस्तो प्रणालीको अर्को महत्त्वपूर्ण पक्ष बहुउद्देश्यीय लाभको आर्थिक मूल्याङ्कन हो। कृषि तथा सिंचाइ परियोजना, खानेपानी सेवा प्रदायक, औद्योगिक उपयोगकर्ता तथा अन्य लाभग्राही संस्थाहरूले पनि जलाशयबाट प्राप्त सेवाको लागत साझेदारी गर्न सक्छन्।

यसले आयोजनाको वित्तीय दिगोपन बढाउँछ। प्रभावकारी सिंचाइ सुविधाले कृषि उत्पादन वृद्धि गरी खाद्य सुरक्षा बलियो हुन्छ भने, बाढी नियन्त्रणले अर्बौं रुपैयाँ बराबरको सम्भावित क्षति न्यूनीकरण गर्न सक्छ।

नेपालमा बूढीगण्डकी तथा दूधकोशी जस्ता रणनीतिक परियोजनाहरूका लागि वित्तीय स्रोत व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको वर्तमान अवस्थामा ' जलाशय पूर्वाधार' र 'विद्युत् उत्पादन संरचना' लाई अलग-अलग वित्तीय तथा संस्थागत ढाँचामा विकास गर्ने अवधारणाले नयाँ सम्भावना खोल्न सक्छ। यसले लगानीको भार व्यवस्थापन गर्न, निजी क्षेत्रको सहभागिता बढाउन तथा आयोजनाको समग्र वित्तीय व्यवहार्यता सुधार गर्न सहयोग पुर्‍याउन सक्छ। अवश्य पनि कुनै पनि अन्तर्राष्ट्रिय मोडललाई जस्ताको तस्तै लागू गर्न सकिँदैन। नेपालको संवैधानिक व्यवस्था, जलस्रोत नीति, ऊर्जा नीति, कृषि रणनीति, विपद् जोखिम व्यवस्थापन तथा वित्तीय क्षमतालाई ध्यानमा राख्दै स्थानीय आवश्यकता अनुसार परिमार्जन गर्नुपर्छ। साथै जलाशय विकासलाई 'बाँध सुरक्षा निर्देशिका' तथा जलवायु परिवर्तनजन्य जोखिम व्यवस्थापनसँग जोडेर दिगो विकासको अवधारणामा अगाडि बढाउनुपर्छ।

### निष्कर्ष

जलाशययुक्त आयोजनाहरू ऊर्जा सञ्चितिका माध्यम मात्र होइनन्; ती खाद्य सुरक्षा, जल व्यवस्थापन, बाढी नियन्त्रण, औद्योगिक विकास, पर्यटन प्रवर्धन र राष्ट्रिय सुरक्षाका आधारस्तम्भ हुन्। ऊर्जा आत्मनिर्भरता विना आर्थिक आत्मनिर्भरता सम्भव छैन, र ऊर्जा सुरक्षा विना राष्ट्रिय सुरक्षा पूर्ण हुन सक्दैन।

त्यसैले जलाशययुक्त जलविद्युत् आयोजनाको विकासलाई ऊर्जा क्षेत्रको कार्यक्रमका रूपमा मात्र होइन, नेपालको दीर्घकालीन विकास, आर्थिक रूपान्तरण र राष्ट्रिय सुरक्षाको केन्द्रीय रणनीतिका रूपमा अगाडि बढाउनु आजको अपरिहार्य आवश्यकता हो। यही मार्गले मात्र नेपाललाई ऊर्जा सम्पन्न मात्र होइन, 'ऊर्जा सुरक्षित' राष्ट्रका रूपमा स्थापित गर्न सक्छ।

*(अनलाइन खबर)*

## गगनेखोलामा पहिरो जाँदा कर्णाली राजमार्ग अवरुद्ध

**युग संवाददाता**
**जुम्ला, २७ असार ।**

कालीकोटको गगनेखोलामा शुक्रबार राती गएको पहिरोका कारण कर्णाली राजमार्ग अवरुद्ध भएको छ। सडक डिभिजन कार्यालय जुम्लाका सूचना अधिकारी सौरभकुमार सिंहले अविरल वर्षापछि गगनेखोलामा पहिरो जाँदा सडक अवरुद्ध भएको जानकारी दिए। कार्यालयका अनुसार पहिरो हटाउनका लागि बिहान ३:०० बजेदेखि काम भइरहेको छ। यसका लागि सडक डिभिजन सुर्खेतसँग आवश्यक समन्वय भइरहेको उनको भनाइ छ। कार्यालयले वर्षायाममा यात्रा गर्दा सावधानी अपनाएर मात्र हिँड्न तथा रातिको समयमा यात्रा नगर्ने सबैलाई सार्वजनिक सूचनामार्फत जानकारी गराएको छ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# राष्ट्र बैंकद्वारा निष्क्रिय खाता कार्ययोजना बनाई न्यूनीकरण गर्न निर्देशन

**युग संवाददाता**
**काठमाडौँ, २७ असार ।**

नेपाल राष्ट्र बैंकअन्तर्गतको बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंक तथा वित्तीय संस्थालाई आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाएर २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने निर्देशन दिएको छ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका फाइनान्स कम्पनीहरुलाई शुक्रबार जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेर निष्क्रिय खाता न्यूनीकरण गर्नेतर्फ आवश्यक काम अघि बढाउन निर्देशन दिएको हो।




राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्क्रिय हुनुपूर्व फोन, एसएमएस र इमेललगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ।

त्यस्तै गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्क्रिय खाता सक्रिय गराउनको लागि कम्तीमा छ महिना अवधिको अन्तरालमा फोन, एसएमएस र इमेललगायतका माध्यमबाट पनि सम्बन्धित ग्राहकलाई अनुरोध गरेर सोको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था गरिएको छ।

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहज रूपमा बन्द गर्नसक्ने व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकमा उल्लेख गरिएको छ।

राष्ट्र बैंकले ग्राहकको उपस्थित भई वा मोबाइल वा वेब एप्लिकेसनमाफृत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय सस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने उल्लेख गरिएको छ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ। राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्कृय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्न पनि बैंक तथा वित्तीय संस्थालाई अनुरोध गरेको छ।

## घुयँत्रो

यो बर्षको असारे विकासनि सक्कियो। गएको राति १२ बजेबाट भुक्तानी दिने काम बन्दभो भनेर सरकारी निकायबाट सूचनै आईसकेछि यो बर्षको विकासे कामले थकाई मार्यो भन्ने बुझ्नु पर्यो हैन त ! बर्षभरियाँ कर्नालि सरकारले त विकास पनि भतक्कै गरेछ ५५ प्रतिसत अरे। केन्द्रीय सरकारले नि त्यसकै आसपास त गरे होला ? केई दिन अघि मात्र कता १२/१३ प्रतिसत रकम मात्रै खर्चभाको भन्ने कुरा आईराबेला आज उठेर बिहान फेसबुकाँ सम्चार हेर्दा त कर्नालि प्रदेशाँ ५५ प्रतिसत विकास बजेट खर्च भा को भन्ने सम्चार आएछि खास विकास भन्या त आषाढको बीस पारी र २५ वारि पो हुँदो रैछ भन्ने लायो। अनि मंशिर देखि असारको दोश्रो सातासम्म विकास भएन भनेर रुवावासी गर्ने हामी अनि काँट विकास हुँदो के ! सरकार,कर्मचारी, ठेकदार यीनरले विकास गर्ने भनेकै असाराँ रैछ त अनि अघिपछि विकास खोज्ने हामी हुस्सु ! विकास हेर्न असारसम्म पर्खिन पर्छ भन्ने पनि था नपाका के ! हुन त यो पटकको सरकार त पुराना भष्टाचारी दलको नभाको र नयाँ दलले पुरानादलले भन्दा फरक तरिकाले विकास गर्लान, विकासका नयाँ नयाँ तरिका हुन्छन होला भन्या त देश बनाउने भनम कि विकास निर्माण गर्ने त उई पुरानै तरिका पो रैछ त ! मान्छे मात्रै फेरिने विकासे तरिका त उई पो रैछ। हैन यो सारा संसारबाटै हाई हाई भा सरकारले नि काम गर्ने मोडेल किन परिवर्तन नगर्या होला ? हुन्त काम गर्ने मान्छ्या चिन्तन उइ भएछि नयाँ तरिकाले ठाउँकाँ पाओस ! हिजोको सरकारले आर्थिक बर्षको जुन मोडेल चलाथ्यो यसलेनि त्यै मोडेल चलायो। असारे विकासाँ देशको ढुकुटी जति रित्याउने र विकासमा हिजो जति प्रतिसत रकम खर्च हुँदैआथ्यो आजनि त्यत्ति मात्रै खर्च हुने हो भने बालेन सरकार आउनु अनि जेनजीले देशाँ त्यत्रो ध्वंस मच्चाउनुको के उपलब्धि भो त ! अनि दुख गरेर चुनाब गराउनुको के अर्थ भो त ! के त्यसो भए त यी बालेनका कर्मचारीले नि हिजोका कर्मचारीले झैँ विकास बजेटाँ भष्टाचार गरे त !? हुन त भष्टाचार गर्या नगर्या कुरा अख्तियाराँ मुद्दा पर्या नपर्या कुराले केही समय पछि था भै जाला। तर केई छैन हिजोसम्म ठेकेदारको उछितो काढने रास्वपाका नेतारु गोडादुई दिनदेखि ठेकदारहरुसित वार्ताँ जुट्याछन। सायद सरकार र ठेकदारहरुबीच सुलहभो र सरकार यीनै ठेक्दारबाट काम लिन तयार भो भने पुरानादलले फुटाको भष्टाचारको मुल बन्द हुन्न। बरु मुलबाट बाहिर निकाल्ने तरिका मात्रै फरक त होला हैन र? हुन त जेनजीहरले भन्लान हाम्रो सरकार आको तिनै मैना त भो ! ३ मैनाँ के विकास गर्न सकिन्छ र ,विकास विकास भन्दै चिल्लाछन मान्छे ! तर नेपालको हकाँ टेण्डर भएर सकिने र योजनामा बजेट बाँडिने यीनै तीन मैना त हुन विकास गर्न सकिने ! यै अबधियाँ जति विकास गर्न सकियो सकियो अरु मैनाँ गर्न सकिन्न। तर हिजोका दलले जसरि यै पचास पच्पन्न प्रतिसत बजेट जुन खर्च गर्थे ऐलेको बालेन सरकारले नि त्यै ५५ प्रतिसतनै रकम खर्च गर्यो भने पुरानो र नयाँ दलाँ भिन्नता के भो के ? साँच्चै जनताले दुईतिहाई दे कै कुरा र पुराना दललाई यसो र उसो भनेर खिस्सिटिउरी गर्ने आफ्ना कार्यकर्तालाई ढाब मारि रहने हो भने त बालेनले सबसे पहेले आर्थिक बर्ष परिबर्तन गरेर बैशाखबाटै आर्थिक बर्ष लागू गर्नु पर्यो अनि भदौसम्म विकास निर्माणका सम्पूर्ण टेण्डर गरेर सक्नु पर्यो अनि असोज देखि चैत ,८ महिनामा विकासका काममा दिलो ज्यान दिएर लाग्नु पर्यो तब बल्ल जनताले चाहे जस्तो विकास हुन्छ। विकासे हाकिमले निश्चित समयमा सक्ने भनेर तोकेको काम हाकिम ठेकेदार र फिल्डमा खटेको प्राविधिक ले सिध्याउन सकेनन भने तोकेको काम समयसिमा भित्र नसक्नेलाई के कार्वाहि गर्ने हो गर्नु पर्यो, अन्यथा नेपालका ठेकेदार , हाकिम र प्राविधिक मिलेर सरकारलाई सिध्याउने मात्र हैनकि भष्टाचारको अन्त्य हैनकि त्यसको चाङ नै लाग्नेछ। त्यसैले यो सरकारलाई ५ बर्षमा देशको कायाँपलट गरेर देखाउने रहरछ भने भोलिका दिनबाटै जुटौँ र पहिले ठेकेदारहरुलाई काम गर्ने विषयमा तयार गरौँ त्यसपछि आफ्ना कर्मचारी बीच बसेर उनिहरुको स्पस्ट मनसाय लिउँ यदि उनिहरु कोहि काम गर्ने पक्षमा छैनन भने उनिहरुलाई बिदा गरौँ । त्यसको सट्टा अर्कोलाई काम दिउँ। अन्यथा उहीँ पुरानै संयन्त्र र पुरानै बाटो पछ्याईले न विकास हुन्छ न भष्टाचारको अन्त्य हुन्छ । न नयाँ सरकार माथि जनताको विश्वास रहन्छ।

# स्याउ निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य

**युग संवाददाता**
**कालीकोट, २७ असार ।**

कालीकोटको तिलागुफा नगरपालिकाले नगर क्षेत्रभित्र उत्पादित स्याउ जिल्ला बाहिर निर्यात गर्दा स्थानीय तहको सिफारिस अनिवार्य गरेको छ। स्थानीय उत्पादनको गुणस्तर प्रमाणीकरण तथा निर्यात व्यवस्थापनलाई व्यवस्थित र पारदर्शी बनाउन यस्तो व्यवस्था गरिएको नगरपालिकाले जनाएको छ।

नगर क्षेत्रमा उत्पादित स्याउको गुणस्तर र स्वच्छता कायम गर्दै बजारमा तिलागुफाको स्याउको विश्वसनीयता जोगाउन सिफारिस अनिवार्य गरिएको हो। जिल्ला बाहिर स्याउ निर्यात गर्ने कृषक तथा व्यवसायीले नगरपालिकाले तोकेको मापदण्डअनुसार सिफारिस लिएर मात्रै स्याउ निकासी गर्न पाउने व्यवस्था गरिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद काफ्लेले बताए।

"निर्यात प्रक्रियालाई व्यवस्थित बनाउन नगरपालिकाले तीन चरणको प्रक्रिया तय गरेको छ, जसको पालना कृषक र व्यवसायीले अनिवार्य रूपमा गर्नुपर्नेछ", उनले भने, "स्याउ ढुवानी तथा निर्यात गर्नुभन्दा कम्तीमा तीन दिनअघि कृषक वा व्यवसायीले स्याउको परिमाण र निर्यात गन्तव्य स्पष्ट उल्लेख गरी नगरपालिकाको कृषि सेवा केन्द्रमा निवेदन पेस गर्नुपर्नेछ।"

# शीतलचिनीको व्यावसायिक उत्पादनमा जोडिएका भट्ट

**युग संवाददाता**
**कैलाली, २७ असार ।**

कैलालीको गोदावरी नगरपालिका-२ तेघरीका किसान रामचन्द्र भट्ट शीतलचिनी (मोरिङ्गा) को व्यावसायिक खेतीमा आबद्ध भई स्थानीय किसानका लागि प्रेरणाको स्रोत बनेका छन्। उनले व्यावसायिक उत्पादनलाई विस्तार गर्दै स्वरोजगार बनेका छन्।

भट्टले एक बिघा आफ्नै जमिनमा व्यावसायिक रूपमा शिलतचिनीको खेती गर्नुभएको छ। एक वर्ष अघिदेखि खेती गर्नुभएका उनले हाल खेतमा एक हजार २०० भन्दा बढी बिरुवा लगाएका छन्। अझै आठ सय बिरुवा रोप्ने उनको योजना छ।

भट्टको खेत अवलोकन गर्न दिनहुँ स्थानीय किसान पुग्ने गरेका छन्। परम्परागत खेतीसँगै उनले गरेको शीतलचिनीको व्यावसायिक उत्पादनबाट उत्प्रेरित भएका अवलोकनका लागि आउने किसानहरू बताउँछन्। कम लागतमा उत्पादन गर्न सकिने, तुलनात्मक रूपमा कम स्याहार गर्नुपर्ने तथा बजारको माग पनि बढ्दै गएकाले शीतलचिनीको खेती सुरुआत गरेको भट्टले बताए। करिब रु दुई लाख लगानीमा व्यवसाय सुरु गरेका उनले बजारको माग बढ्दै गएकाले खेती विस्तार गर्ने योजना बनाएको बताए।

"पोषकतत्वले भरिपूर्ण मानिने शीतलचिनी सुरुमा यसको उपयोगिताबारे धेरैलाई जानकारी थिएन", भट्टले भने, "पछिल्लो समय यसको फाइदाका बारेमा सबै जानकार हुन थालेपछि बजारमा माग बढन थालेको छ। यसको अझै प्रचारप्रसार हुन सक्यो भने व्यवसायले बजार पाउने सम्भावना अझै बढी हुनेछ।"भट्टले शीतलचिनीका पातबाट पाउँडर बनाई प्याकेजिङ गरेर बिक्री गर्दै आएको छ। दुई सय १० ग्रामको खुद्रा मूल्य रु ७०० र होलसेल मूल्य रु ४०० रहेको जनाउँदै यसको बिक्रीबाट करिब ७० प्रतिशत फाइदा हुने उल्लेख गरे।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शूल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।

budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)


हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।